# घरेलु श्रम : सम्मानित श्रम

**घरेलु श्रमिक सम्बन्धि आइ.एल.ओ. महासन्धि १८९ तथा सुझावपत्र २०१ अनुमोदन गर्न पहल गरौं ।**

**श्री माननीय**
सभासद्, संविधान सभा नेपाल
सिंहदरबार, काठमाँडौं ।

मिति २०६८।१०।२२

**माननीय सभासद्ज्यू**

जनआन्दोलनपश्चात सम्पन्न निर्वाचनबाट गठित संविधानसभा तथा ब्यबस्थापिका संसदबाट शोषण, दमन र उत्पिडनबाट पिडित भइरहेका तथा पाखा लगाईएका एवं श्रमजीवी वर्गका आम नागरिकहरूले सामाजिक आर्थिक रूपान्तरण र आफ्नो हक अधिकारको संरक्षणको आशा गरिरहेका छन् ।

नेपालमा दासत्वको अन्त्य भए पनि आधुनिक दासत्वको अभ्यासका रूपमा रहेको क्षेत्रका रूपमा घरेलु श्रमिकहरू रहेका छन् । झण्डै डेढ लाखको संख्यामा नेपालभरी रहेका घरेलु श्रमिकहरू तथा विदेशमा घरेलु श्रमिकको रूपमा काम गर्न गएका लाखौं नेपाली युवाहरू उपयुक्त कानुनी संरक्षण तथा नितिगत सम्बोधनको अभावमा आफ्नो हक अधिकार र संरक्षणका लागि संघर्षरत रहेका छन् ।

नेपाली घरेलु श्रमिकहरू तथा विश्वका अन्य राष्ट्रका घरेलु श्रमिकहरूसमेत सम्मिलित भई अन्तर्राष्ट्रियस्तरमा विगत ६ बर्षदेखि सञ्चालित अभियानको फलस्वरूप अन्तर्राष्ट्रिय श्रम सगठनले घरेलु श्रमीक सम्बन्धि आइ.एल.ओ. महासन्धि १८९ तथा सुझावपत्र २०१ लाई २०११ जुन १६ को १०० औं बैठकबाट पारित गरेको छ । घरेलु श्रमक्षेत्रमा रहेका गलत अभ्यासहरू तथा बालश्रम शोषणलाई उन्मुलन गर्दै घरेलु श्रमलाई सम्मानित श्रम क्षेत्रको रूपमा विकास गर्नका लागि र युवा रोजगारीको नयाँ क्षेत्र सृजना गर्न यस महासन्धिले महत्वपुर्ण योगदान दिने आशा लिइएको छ । नेपाली घरेलुश्रमिकहरूको हक अधिकार संरक्षण गर्नु तथा उनीहरूलाई कानुनी संरक्षण प्रदान गर्दै दासत्वको अभ्यासको अन्त्य गर्नु नेपाल सरकारको महत्वपुर्ण जीम्मेवारी हो । यस सन्दर्भमा नेपाल सरकारले घरेलु श्रमिक सम्बन्धि आइ. एल.ओ. महासन्धिको अनुमोदन गर्नु तथा सुझावपत्रका आधारमा आवश्यक निती नियम तथा कार्यक्रमहरू तय गर्नु र लागु गर्नु जरूरी छ । यस कार्यका लागि माननीय सभासदज्यूको सहयोग निर्णायक रहन सक्दछ । तसर्थ माननीय सभासदज्यूको जानकारीका लागि यस संस्थाले घरेलु श्रम भ्रम र वास्तविकता, घरेलु श्रमिक सम्बन्धि आइ.एल.ओ. महासन्धि १८९ तथा सुझावपत्र २०१ को नेपाली अनुवाद प्रकाशित गरी उपलब्ध गराएको छ ।

नेपाल सरकारलाई घरेलु श्रमिकहरूको श्रमिक अधिकार संरक्षण सम्वर्द्धन गर्नका लागि आइ एल ओ महासन्धि १८९को अनुमोदन तथा आवश्क जिम्मेवार कदमहरू चाल्नका लागि माननीय सभासदज्यूको तर्फबाट ब्यबस्थापिका संसदमा आवाज उठाइ आधुनिक दासत्वको अभ्यासको अन्त्य गर्ने अभियानमा सहभागी भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

सहयोगको लागि हार्दिक धन्यबाद तथा कृतज्ञता ज्ञापन गर्दछौं ।

**विमला ज्ञावली** (हस्ताक्षर)
अध्यक्ष
सिविस

**सोनु चौधरी** (हस्ताक्षर)
अध्यक्ष
नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियन

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) तथा नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियनले विगत ६ बर्षदेखि संयुक्त रूपमा घरेलु श्रम सम्मानित श्रम तथा युवा रोजगारीको क्षेत्रको रूमा प्रवर्द्धन गर्ने, घरेलु श्रमिकहरूलाई संगठित गर्ने, अधिकार संरक्षणका लागि कानुनी सहायता प्रदान गर्ने तथा आइ एल ओ महासन्धिका लागि अन्तर्राष्ट्रिय घरेलु श्रमिक सञ्जाल मार्फत पैरवी गर्ने कार्य गरिरहेको छ ।


थप जानकारीका लागिः

**सिविस कार्यालय**
बुद्धनगर, काठमाडौं, फोनः ०१ ४७८१३८६, ४७८४५४५
इमेलः info@cwish.org.np

**नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियनको कार्यालय**
पुतलीसडक, मनमोहन मजदुर भवन
फोन नं.:

सिविस CWISH

नेपाल स्वतन्त्र घरेलु श्रमिक युनियन NIDWU